# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

## कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८१/०५/२९)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०५/२७ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

*<u>मिति २०८१ साल भाद्र २७ गतेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू</u>*

१. निःशुल्क जग्गा प्राप्ती सम्बन्धमा।

२. शैक्षिक सामाग्री प्रदर्शन प्रतियोगिताको पुरस्कार निर्धारण सम्बन्धमा।

३. जग्गा वर्गीकरण सम्बन्धमा।

४. गाउँपालिको डिजिटल प्रोफाइल निर्माण सम्बन्धमा।

५. विविध।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं. ४ मुदीमा वडा कार्यालय भवन निर्माणार्थ धवलागिरी गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना भई हाल ऐ,ऐ स्थानमा बसोवास गर्ने खानविर घर्तिको छोरा गंगालाल घर्तिको नाममा दर्ता स्रेस्ता कायम भएको साविकको मुदी गा.वि.स वडा नं. ४ हाल धवलागिरी गाउँपालिका वडा नं. ४ मुदीस्थित कि.नं. ८५ क्षेत्रफल १/क २-१३-१-१ भएको जग्गा, जसको साँध पूर्वतर्फ कि.नं. ८२ को घरजग्गा, पश्चिमतर्फ कि.नं. ६७ को घर जग्गा, उत्तरतर्फ कि.नं. ६८ को घरजग्गा र दक्षिणतर्फ कि.नं. २० को घर जग्गा यति चार किल्ला भित्रको जग्गा गाउँपालिकालाई निःशुल्क प्रदान गर्ने भनि मञ्जुरीनामा सहित वडा कार्यालयबाट सिफारिस साथ सहमति माग भई आएबमोजिम प्राविधिक समेतको टोलिद्वारा अनुगमन गरि प्राविधिकको लिखित रायबाट समेत उक्त जग्गा वडा कार्यालय भवन निर्माणका लागि उपयुक्त देखिएको हुँदा निज गंगालाल घर्तिलाई धन्यवाद व्यक्त गर्दै गाउँपालिकाको नाममा उक्त जग्गा प्राप्तिका लागि वडा कार्यालयलाई सहमति प्रदान गर्दै सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ५ बमोजिमको प्रकृया पुरा गरी जग्गा उपयोग गर्नका लागि मालपोत कार्यालय बेनिसँग समन्वय गरि आवश्यक प्रकृया अगाडी बढाउन वडा नं. ४ का वडा अध्यक्ष श्री याम बहादुर घर्तिलाई अख्तियारि दिने निर्णय गरियो।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम (क्र.स. ८४ शैक्षिक प्रदर्शनी कार्यक्रम) अन्तर्गत मिति २०८१ असोज ३ गते संविधान दिवसको अवसरमा सो कार्यक्रम सञ्चालन गरि देहायबमोजिमको पुरस्कार निर्धारण गर्ने निर्णय गरियो।

तपसिल

| क.स | कार्यक्रम | पुरस्कार | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना |
| १ | माध्यामिक स्तरीय शैक्षिक सामाग्री प्रदर्शन प्रतियोगिता। | २०,०००/- | १५,०००/- | १०,०००/- | ५,०००/- |
| २ | आधारभूत तह स्तरीय शैक्षिक सामाग्री प्रदर्शन प्रतियोगिता। | १५,०००/- | १०,०००/- | ७,०००/- | ४,०००/- |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाको जग्गा वर्गीकरण गर्ने प्रयोजनार्थ आवश्यक TOR र रू ११,९९,६९३/- बराबरको लागत अनुमान स्वीकृत गरि आवश्यक खरिद प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकाको GPS & Web Based Dynamic Digital Profile निर्माणको लागि आवश्यक TOR र रू १९,४६,४२५ बराबरको लागत अनुमान स्वीकृत आवश्यक खरिद प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

५. विविध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. धवलागिरी गाउँपालिकाका कृषक समुह गठन तथा परिचालन सम्बन्धी कार्यविधी २०८१ स्वीकृत गर्ने।

ख. धवलागिरी गाउँपालिकाको विभिन्न स्थानमा नदी तथा खानीजन्य श्रोत उत्खनन् तथा संकलन गरेको पाईएको हुँदा सो सम्बन्धमा गण्डकी प्रदेश आर्थिक ऐन बमोजिम ९ रुपैंया प्रति क्यु.फि र गाउँपालिकाले रू १.५प्रति क्यु.फि. जरिवाना सहित प्रति क्यु.फि. रू १०.५(भ्याट बाहेक) हुने गरि उत्खनन भएको बालुवाको लिलामि सूचना निकाल्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ग. धवलागिरी गाउँपालिका क्षेत्रभित्र मनसुनजन्य विपदका कारण सडक सञ्चालन तथा विपद व्यवस्थापन कार्यका लागि गाउँपालिकाको देहाय बमोजिम उपकरणको दररेटलाई आधार मानी आफ्नो दररेट उपलब्ध गराउन निर्माण व्यवसायीलाई ७ दिनको सूचना जारी गरि कार्यप्रकृया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**देहाय (भ्याट सहित)**

Tracked Excavator: रू ४७०३ प्रति घण्टा

Tripper: रू २०२२ प्रति घण्टा

Tractor: रू १५५३ प्रति घण्टा

Backhoe Excavator (Wheel): रू २७२२ प्रति घण्टा

घ. गाउँपालिकाको वडा नं. ३ अन्तर्गत बाङखोलामा अविरल वर्षाका कारण स्थानीय विद्धुत प्रशारण सेवा अवरूद्ध भएकोले सोको सञ्चालनार्थ राहत उद्दार तथा पुनःस्थापना कोषबाट रु ७ लाख विनियोजन गर्ने र सो मर्मत कार्य प्राविधिक स्टिमेटका आधारमा उपभोक्ता समितिमार्फत गराउने ।

ङ. गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकालाई आवश्यक परेको चार पाङ्ग्रे सवारी साधन खरिदका लागि रू ५०,००,०००/-( रू पचास लाख मात्र) बजेट विनियोजन भएकोमा सम्बन्धित स्पेशीफिकेसन बमोजिमको चार पाङ्ग्रे सवारिको लागत अनुमान रू ६०,००,०००/- (साठी लाख) तयार भएकोले उक्त लागत अनुमान स्वीकृत गरी अपुग रकम रू १०,००,०००/- ( रू दश लाख मात्र) सेवा तथा परामर्श खर्च शीर्षकबाट खर्च हुने गरी रकमान्तर गर्ने र सोहिबमोजिम यथाशीघ्र खरिद प्रकृया अगाडी बढाउन गाउँकार्यपालिकालाई निर्देशन दिने।

च. श्रावण २९ गतेको कार्यपालिका बैठकको निर्णयानुसार नमुना आवासीय होस्टलमा थप गरिने कर्मचारीको तलब रू ३४,७३०/- र न्यूनतम योग्यता कम्तीमा व्यवस्थापन/लेखा विषयमा स्नातक वा सो सरह उतिर्ण हुनुपर्ने।